**नेपाल सरकार**
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
**मोहियानी समस्या समाधान इकाईको सूचना**

नेपाल राजपत्र भाग ५ मिति २०७४।७।२४ मा जारी सूचना अनुसार जग्गामा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने उद्देश्यले मोही लागेको जग्गा मोही र जग्गाधनी बीच बाँडफाँड गर्ने प्रयोजनका लागि मिति २०७५ भाद्र ४ सम्म बाँडफाँडको निवेदन दिइसक्नु पर्ने र मिति २०७६ भाद्र ४ गतेसम्म निवेदन फछ्र्योट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । यस मन्त्रालयबाट मिति २०७५।१।२३ मा जारी भएको कृषि, पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको रुपान्तरणंको मार्गचित्र २०७५ मा समेत १ वर्ष भित्र मोही सम्बन्धी समस्या पूर्णत: अन्त्य गर्ने लक्ष्य राखिएकोले देहाय बमोजिम गरी गराई सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ :-

१. जग्गाधनी र मोहीले बाँडफाँडको लागि निवेदन दिने अन्तिम मिति २०७५ भाद्र ४ गतेसम्म मात्र तोकिएकोले उक्त म्याद भित्र सम्बन्धित कार्यालयमा निवेदन दिईसक्नु हुन सम्बन्धित मोही तथा जग्गाधनीहरुलाई जानकारी गराइन्छ ।

२. उल्लिखित अवधि भित्र द्वैध स्वामित्व अन्त्य गरिसक्नु पर्ने भएकोले भूमिसुधार कार्यालय तथा भूमिसुधारको कार्य समेत गर्ने मालपोत कार्यालयहरुले बाँडफाँडका लागि बाँकी मोही तथा जग्गाधनीहरुलाई निवेदन दिन आउन पर्याप्त सूचना प्रवाह गर्ने, प्राप्त निवेदन उपर तदारुकताका साथ बाँडफाँडको निर्णय गर्ने, वाँडफाँडमा कुनै समस्या भए समाधानका लागि विभाग मार्फत लेखी पठाउने र निकासा लिई निर्णय गर्ने तथा नियमित प्रगति विवरण पठाउने प्रबन्ध गर्ने ।

३. स्थानीय तह, प्रदेश सरकार, सम्बन्धित संघ-संस्था, राजनीति कर्मी, कानून व्यवसायी, बुद्धिजिवी, संचारकर्मी तथा सम्पूर्ण जनसमुदायमा यो सन्देश सम्बन्धित मोही तथा जग्गाधनी समक्ष पुर्‍याई जग्गा माथिको द्वैध स्वामित्व अन्त्य गर्ने कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याइ दिन हुन अनुरोध गरिन्छ ।